# प्रेस विज्ञप्ति

**प्रिय पत्रकार मित्रहरू,**

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को सातौं राष्ट्रिय महाधिवेशन यही २०७३, वैशाख २५-२८ गते काठमाडौंमा सफलताका साथ सम्पन्न भएको छ । सातौं राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक समेत सम्पन्न भएको छ । सातौं राष्ट्रिय महाधिवेशन र केन्द्रीय कमिटीको बैठकद्वारा लिइएका निर्णयहरू यस पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिन्छ ।

**१. महाधिवेशनको उद्घाटन समारोह :** २०७३, वैशाख २५ गते दिनको ठिक १:३० बजे सुरु गरिएको उद्घाटन समारोहमा आमन्त्रित सम्माननीय प्रधानमन्त्री एवम् नेकपा (एमाले) का अध्यक्ष के.पी. शर्मा ओली सहित नेपाली कांग्रेस, एनेकपा (माओवादी), राष्ट्रिय जनमोर्चा, नेकपा (संयुक्त), मधेशी जन अधिकार फोरम (लोकतान्त्रिक), राप्रपा, नेपाल लगायतका विभिन्न राजनीतिक दलका नेता, बुद्धिजीवीहरू, महाधिवेशन-प्रतिनिधिहरू, जनसाधारणहरू र सञ्चारकर्मीको राम्रो उपस्थिति रहेको थियो ।

सातौं राष्ट्रिय महाधिवेशनको सफलताका निम्ति अन्तर्राष्ट्रिय भाइचारा पार्टीहरू चिनियाँ कम्युनिष्ट पार्टी, भारतीय कम्युनिष्ट पार्टी, भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी, भारतीय कम्युनिष्ट पार्टी (माले) लिबरेसन, कोरियाली श्रमिक पार्टी, कम्युनिष्ट पार्टी अव् द सोभियत फेडरेसन, लाओ पिपुल्स रिभ्युलुसनरी पार्टी र जनता विमुक्ति पेरामुना ( जनमुक्ति मोर्चा) श्रीलंकाका तर्फबाट सातौं राष्ट्रिय महाधिवेशनको सफलताको निम्ति र हाम्रो पार्टी नेकपा (माले) सँग बलियो भाइचारा सम्बन्धको निम्ति समेत लिखित शुभकामना पत्रहरू प्राप्त भएका थिए । महाधिवेशनमा मुलुकका ७४ जिल्ला र भारत प्रवास ब्युरो समेतका गरी ३२८ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**२. महाधिवेशनद्वारा पारित दस्तावेजहरू :** महाधिवेशनले 'राजनीतिक प्रतिवेदन', 'नेपाल चिन्तन : एक मार्गदर्शक', 'नेपाली क्रान्तिको कार्यक्रम : नयाँ जनवाद', 'पार्टी-सङ्गठनका सिद्धान्त, प्रतिवेदन एवम् प्रस्ताव', परिमार्जित विधान तथा 'तत्कालिक कार्यनीति' पारित गरेको छ ।

**(क)** महाधिवेशनले पारित गरेको 'नेपाल चिन्तन : एक मार्गदर्शक' नामक दस्तावेज मार्फत मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ् विचारधाराको प्रयोगलाई सृजनात्मक रूपले नेपालमुखी बनाउने उद्घोषसहित आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा **मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्विचारधारा तथा नेपाल चिन्तन**लाई संस्थागत गरेको छ ।

**(ख)** नेपाल अझै अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक अवस्थामा नै रहेको परिप्रेक्ष्यमा महाधिवेशनले नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा भइनसकेको समेत ठहर गरेको छ । यसका साथै क्रमिक राजनीतिक क्रान्तिद्वारा मात्रात्मक परिवर्तन गर्दै नेपाली समाजले नयाँ जनवादी गुणात्मक परिवर्तनमा फड्को मार्ने कार्यदिशालाई पुनर्पुष्टि गरेको छ ।

**(ग)** महाधिवेशनद्वारा पारित परिमार्जित विधान बमोजिम पार्टी संघात्मक ढाँचामा पुनर्गठित हुने र पार्टीमा स्थायी समिति तथा सचिवालय समेत रहने व्यवस्था गरिएको छ ।

**३.** महाधिवेशनले ७५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको छ । महाधिवेशनको बन्द-सत्र कै कक्षमा बसेको नव निर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठकले सर्वसम्मतरूपमा क.सी.पी.मैनालीलाई पार्टी महासचिवमा निर्वाचित गर्दै तत्कालका निम्ति महासचिव क.सी.पी.मैनाली सहित क.एन्.पी.आचार्य, क.डम्वर श्रेष्ठ, क.कुमार बेलबासे र क.गोपालमणि गौतम रहेको पाँच सदस्यीय स्टेयरिङ् कमिटीको गठन गरेको छ ।

**४.** महाधिवेशनले २५ बुँदे राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रस्तावहरू समेत पारित गरेको छ ।

धन्यवाद ।

मिति : ३१ बैशाख २०७३

**(सी.पी. मैनाली)**
**महासचिव**